# लुङ्ग्री गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
वडाचौर रोल्पा
(लुम्बिनी प्रदेश, नेपाल)

Mbl no.:9857824566/98411279
Email: lungrimun@gmail.com
website:www.lungrimun.gov.np
www.facebook.com/lungrimun


## सम्वाद छात्रवृत्ति २०२३ को लागि आवेदन पेश गर्ने सम्बन्धी सुचना

(प्रकाशन मितिः २०८०।०४।२६)

लुङ्ग्री गाउँपालिका रोल्पा, स्ट्रोम फाउण्डेशन र मानव अधिकार सचेतन केन्द्र (हुरेक) नेपाल रोल्पाको साझेदारीमा लुङ्ग्री गाउँपालिका रोल्पामा संचालित सिड्स\आल्मुनाई कार्यक्रमको संवाद छात्रवृत्ति कार्यक्रम अन्तर्गत संवाद छात्रवृत्ति छनौट समितिको मिति २०८०।०४।२६ को निर्णय अनुसार यस गाउँपालिका भित्र वसोवास गर्ने आर्थिक तथा सामाजिक रुपले पछाडी परेका जेहेन्दार विद्यार्थीहरुको गुणस्तरीय शिक्षाको सुनिश्चितताको लागि प्राविधिक र अप्रावाधिक शिक्षाको क्षेत्रमा छात्रवृत्ति प्रदान गरिने भएकाले तपशिल बमोजिमको आधार र मापदण्ड पुरा गरेका विद्यार्थीहरूलाई यो सुचना जारी भएको २१(एक्काइस) दिन अर्थात २०८० साल भदो १५ गते कार्यालय समयभित्र तोकिएको सम्वाद छात्रवृत्ति फारम भरी आवश्यक कागजात सहित आवेदन पेश गर्नहुनको लागि यो सुचना प्रकाशन गरिएको छ।

<u>तपशिल</u>

<u>छात्रवृत्ति प्रदान गरिने विधाहरुः</u>

| प्राविधिक विधा | सामान्य (अप्राविधिक) विधा |
|---|---|
| स्टाफ नर्स, जेटिए (पशुपंक्षि र कृषी विकास), स्वास्थ्य सहायक, सव-इन्जिनियर, ल्याव प्राविधिक, सूचना प्रविधि वा अन्य | • माध्यमिक तह ९ र १०<br>• माध्यमिक तह ११ र १२ (जिल्ला भित्र\जिल्ला वाहिर)<br>• व्याचलर तह |

<u>छनोटका आधार तथा मापदण्डहरुः</u>

- प्राविधिक विधामा आवेदन दिने आवेदक सिड्स\आल्मुनाई अन्तर्गत ग्रेजुएट फोरम वा किशोर किशोरी सञ्जाल मध्ये कुनै एउटाको सदस्य भएकाहरुलाई प्राथमिकता दिईने छ।
- सामान्य विधा तर्फको छात्रवृत्तिको कुल रकमको कम्तिमा ८० प्रतिशत सम्बाद ग्रेजुएट फोरम वा किशोर किशोरीहरु सञ्जालमा आवद्ध सदस्य आवेदकहरुलाई प्रदान गरिने छ। स्थानिय आवश्यकताको विश्लेषण गरी छात्रवृत्ति प्रदान गर्न आवश्यक देखिएमा २० प्रतिशत अन्य (सम्बाद कार्यक्रम भन्दा बाहिर) आवेदकहरुलाई पनि प्रदान गर्न सकिने छ।
- प्राविधिक विधामा आवेदन दिन इच्छुक आवेदकले छात्रवृत्ति प्राप्त गर्नका लागि प्राविधिक शिक्षाको तोकिएको प्रवेश परिक्षा उत्तिर्ण गरेको अथवा हाल सो विधामा अध्ययनरत हुनुपर्ने छ।

प्रमुख प्रशासकीय अधिकृत

मापदण्डहरुः

| शैक्षिक (अंकभार ४०%) | सामाजिक (अंकभार ३०%) | आर्थिक (अंकभार ३०%) |
|---|---|---|
| • आवेदकको शैक्षिक प्रगति, ग्रेड, जिपिए<br>• शैक्षिक लब्धांकपत्र र विद्यालयको सिफारिस लाई आधार मानिने छ | • उम्मेदवारको जातजाति, अपांगता, लैंगिक सामाजिक समावेशिकरण, अभिभावक गुमाएको अवस्था, आदि<br>• वडाको सिफारिस, जन्मदर्ता, अपांगता परिचय पत्र र अन्य सुचनालाई आधार मानिने छ | • उम्मेदवारको परिवारको वार्षिक आम्दानी, आम्दानीको स्रोत, रोजगारिको अवस्था, परिवारमा कमाउनेको संख्या, आदि<br>• वडाको सिफारिस र अन्य सुचनालाई आधार मानिने छ |

पुनश्चः

१. यहाँ दिईएको छात्रवृत्ति आवेदन फारम राम्रोसंग पढेर, बुझेर, रित पूर्वक स्पष्ट हुने गरी भरेर आवश्यक कागजातका साथमा फाइल बनाई आवेदन पेश गर्नु पर्नेछ।

२. छात्रवृत्ति आवेदन फारमहरु यस गाउँपालिकाको शिक्षा शाखा, सम्वन्धित वडा कार्यालयहरु, हुरेकको फिल्ड कार्यालयबाट प्राप्त गर्न सकिने छ। आवेदनहरु गाउँपालिकाको शिक्षा शाखा, सम्बन्धित वडा कार्यालयहरु तथा हुरेकको फिल्ड अफिसमा बुझाउन सकिने छ।

३. आवेदन फारमको साथमा आवेदकको जन्मदर्ताको प्रमाणपत्र, शैक्षिक उपलब्धिको लब्धांक पत्र, विद्यालयको सिफारिस, आर्थिक अवस्थाको प्रमाणित हुने गरी वडा कार्यालयको सिफारिस, अपांगता भएको खण्डमा अपांगता परिचयपत्र, अपांगता भएको तर परिचयपत्र नभएको हकमा वडाको सिफारिस, अभिभावक गुमाएको हकमा मृत्युदर्ता वा वडाको सिफारिस, अभिभावकले छाडेको हकमा वडाको सिफारिस अनिवार्य पेश गर्नु पर्ने छ।

४. गत वर्ष सम्वाद छात्रवृत्ति प्राप्त गरेकाहरुले पनि यस वर्षको लागि आवेदन दिन पाउने छन्।

५. आवश्यक कागजात संलग्न नगरिएका तथा तोकिएको म्याद भन्दा पछाडी पेश गरिएका आवेदनहरु माथी सुनवाई हुने छैन।

६. आवेदकले पेश गरेको सुचनालाई छात्रवृत्ति छनोट समितिले विभिन्न माध्यमबाट भेरिफाई गर्न सक्नेछ र जानाजान गलत सुचना पेश गरी छात्रवृत्ति लिएको ठहरिएमा सो छात्रवृत्ति फिर्ता गर्न पनि सक्नेछ।

२०८०।८।२३

(धर्मराज बुढा)
प्रमुख प्रशासकीय अधिकृत

## लुङ्ग्री गाउँपालिका, हुरेक नेपाल रोल्पा तथा स्ट्रोम फाउन्डेशनको साझेदारीमा संचालित
## सम्वाद छात्रवृत्तिको आवेदन फाराम

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आवेदकको नाम थरः | | | | | | लिङ्गः | | | उमेरः | |
| जातियताः | दलितः | | जनजातीः | | अन्यः | | | | | |
| गा.पा.: | | | वडा नः | | टोलः | | | | | |
| अपांगताः | छ | | अपांगता भएको तर परिचयपत्र नभएकोले वडाको सिफारिस ल्याउने | | अपांगता परिचयपत्र | क | ख | ग | घ | ID नभएको |
| | छैन | | | | | | | | | |
| के तपाईँले आफ्नो कुनै अभिभावक गुमाउनु भएको छ? | | | छ | | आमा र बुवा दुवै गुमाएकोः | | | | | |
| | | | छैन | | आमा वा बुवा मध्ये कुनै एक गुमाएकोः | | | | | |
| सिड्स\आल्मुनी सम्वाद अन्तर्गत ग्र्याजुयट फोरम वा सञ्जाल मध्ये कुनैमा एकमा आवद्ध हुनुभएको छ? | | | | | | | | | छ | |
| आवद्ध फोरम\सञ्जालको नाम र पदः | | | | | | | | | छैन | |
| यसअघि पनि छात्रवृत्ति पाउनु भएको छ? | | | छ | | छैन | | छात्रवृत्ति रकमः | | | |
| तपाईले आवेदन दिन चाहेको छात्रवृत्तिको धार\तह | | प्राविधिकः | | विषयः | | | | | | |
| | | साधारणः | | माध्यमिक ९-१० | | | विषय/संकाय | | जिल्ला वाहिर | जिल्ला भित्र |
| | | | | माध्यमिक ११-१२ | | | | | | |
| | | | | ब्याचलरः | | | | | वर्षः | |
| उत्तिर्ण गरेको कक्षा/तहः | | | उत्तिर्ण\अध्ययनरत शैक्षिक संस्थाको नामः | | | | | | | |
| प्राप्त गरेको अंक\ग्रेडः | | | अध्ययन गर्न चाहेको शैक्षिक संस्थाः | | | | | | | |
| जम्मा परिवारको सदस्य संख्याः | | | | तपाईको परिवारमा अध्ययन गरिरहेका परिवारको अन्य सदस्य संख्याः | | | | | | |
| तपाईको परिवारको वार्षिक अनुमानित आम्दानी रुपैयाँमाः | | | | | | | | | | |
| तपाईँको परिवारको आम्दानीको स्रोतः | | | | | | | | | | |
| तपाईँको परिवारमा आम्दानी गर्ने जम्मा सदस्य संख्या कति छ? | | | | | | | | | | |
| तपाईँको परिवारमा आम्दानी गर्ने सदस्य को को हुनुहुन्छ? | | | | | | | | | | |
| तपाईँको पारिवारको स्वामित्वमा परिवारको भरण पोषण तथा आम्दानिको को लागि जग्गा जमिन छ कि छैन? | | | | छ | | *जग्गा जमिनको अवस्था, आम्दानी तथा कति महिनालाई खान पुग्छ भन्ने साँचो विवरण वडाको सिफारिस सहित पेश गर्नुपर्ने छ* | | | | |
| | | | | छैन | | | | | | |
| यदि जग्गा जमिन छ भने कति महिनालाई खान पुग्छ? | | | | | ३ महिना जतिलाई खान पुग्छः | | | | | |
| | | | | | छ महिना जतिलाई खान पुग्छः | | | | | |
| | | | | | वर्ष भरीलाई खान पुग्छः | | | | | |
| आवेदकको सम्पर्क नः | | | | | *मैले यो फाराम पूर्ण सुझबुझका साथ भरेको छु। यहाँ भरिएको सम्पूर्ण विवरण तथ्यमा आधारित छन् र साँचो हो, यदि मैले अहिले जानाजान झुठो विवरण पेश गरी भविष्यमा छात्रवृत्तिको सुविधा लिन गएको ठहरिएमा आवश्यक कारवाहीको भागिदार हुनेछु।* | | | | | |
| अभिभावकको सम्पर्क नः | | | | | | | | | | |
| विद्यालयको सम्पर्क नः | | | | | | | | | | |

*नोटः यसै फारामको साथमा जन्मदर्ता, विद्यालय र वडाको सिफारिस र शैक्षिक प्रमाणपत्र समावेश गर्नुपर्नेछ*

आवेदकको हस्ताक्षरः